"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

## प्रेस विज्ञप्ति

मितिः २०८०/०६/२८

१. इण्डियन आयल कर्पोरेशनवाट आज १५ अक्टोवर, २०२३ (आश्विन २८, २०८०) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोल र डिजेलको मूल्यमा क्रमशः प्रति लिटर रू. ११।१८ र रू. ५।०३ ले घटेर आएकाले मिति २०८०।०६।२८ को निर्णय अनुसार चाडपर्वको समयमा आम उपभोक्ताको हितलाई मध्य नजर गर्दै "पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८०" हाललाई यथावत रहने गरी भोलि १६ अक्टोवर, २०२३ (२०८०/०६/२९) विहान ००:०१ वजेदेखि लागू हुने गरी साविकको खुद्रा विक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा क्रमशः प्रति लिटर रू. ११।०० र रू. ५।०० ले घटाईएको छ।

२. समायोजन पश्चात् निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटर सम्म पेट्रोलियम पदार्थको नयाँ खुद्रा विक्री लागि देहाय वमोजिम भएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साविकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८०।०६।२९ को विहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १८०।५० | १८२।०० | १८३।०० | १६९।५० | १७१।०० | १७२।०० |
| २. | डिजेल/मट्टितेल | १७०।५० | १७२।०० | १७३।०० | १६५।५० | १६७।०० | १६८।०० |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगंज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

३. निगमलाई नेपाल सरकारद्वारा उपलब्ध गराईएको ऋण, मूल्य स्थिरीकरण कोषको रकम तथा अन्य दायित्वहरुको भुक्तानी गर्नुपर्ने अवस्था अझै रहेको छ ।

धन्यवाद् ।

नेपाल आयल निगम लि.

२०८०।०६।२८

प्रवक्ता